# बेनी नगरपालिकाको आर्थिक वर्ष २०७८/०७९ को दशौं नगरसभामा नगरप्रमुखबाट प्रस्तुत गरिएको वक्तब्य

बेनी नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

बेनी म्याग्दी

२८ पौष २०७८

# आर्थिक वर्ष २०७८/०७९ को दशौं नगरसभामा नगरप्रमुखबाट प्रस्तुत गरिएको वक्तव्य

आदरणीय सभाका सदस्यज्यूहरु

१. बेनी नगरपालिकाको दशौ नगरसभामा उपस्थित सम्पूर्ण सभाका सदस्यहरुलाई म हार्दिक स्वागत गर्न चाहन्छु ।

२. नेपालको संविधान २०७२ ले व्यवस्था गरेबमोजिम स्थानीय तहको निर्वाचन पश्चातको निर्वाचित जनप्रतिनिधिहरुको सम्भवत: अन्तिम वर्षका रुपमा यस बेनी नगरपालिकाको आर्थिक वर्ष २०७८।०७९ को यस गरिमामय दशौं नगरसभालाई सम्बोधन गर्न पाउँदा अत्यन्तै हर्षित छु । यस अवसरमा म नेपालमा संङ्घीय लोकतान्त्रिक गणतन्त्र स्थापनाका लागि नेपाली जनताले पटक पटक गर्दै आएको ऐतिहासिक जनआन्दोलन लोकतान्त्रिक र प्रजातान्त्रिक आन्दोलनहरुको स्मरण गर्न चाहन्छु । लोकतन्त्रको स्थापनार्थ ज्ञात अज्ञात शहिदहरुको त्याग र बलिदानलाई उच्च सम्मान गर्दछु ।

३. **"कृषि पर्यटन र पूर्वाधारः स्वच्छ समृद्ध बेनी नगरको मुल आधार"** भन्ने दीर्घकालीन सोचका साथ नगरको विकास र जनताको सेवामा निरन्तर अघि बढ्ने क्रममा हामिले ९ वटा नगरसभा सम्पन्न गरिसकेका छौं । यस अवधिमा उपलब्ध स्रोत र साधनको सीमाभित्र रही बेनी नगरको विकास र समृद्धिका लागि विभिन्न किसिमका योजना सञ्चालन र सम्पन्न गरेका छौं ।

४. भूबनोटका आधारमा कमजोर भूधरातल र विपदका दृष्टिकोणले अत्यन्तै जोखिमयुक्त जिल्लाका रुपमा रहेको म्याग्दी जिल्लाको सदरमुकाम बेनीमा रहेको एकमात्र नगरपालिका बेनीमा हामीले गरेका विकास प्रयासहरु शतप्रतिशत सार्थक हुन सकेनन् । सीमित स्रोतबाट निर्माण गरिएका विकास आयोजनाहरु विभिन्न किसिमका विपदका घटनाहरुबाट क्षति हुँदा हामीले गरेको लगानीको अपेक्षित प्रतिफल हासिल गर्न नसकेको तितो यथार्थ हामी सामु छर्लङ्ग नै छ । विगतदेखी निर्मित पूर्वाधारका योजनाहरु हरेक वर्षको मनसूनको समयमा क्षत बिक्षत हुँदा नगरपालिकाको बजेटको ठुलो हिस्सा मर्मत संभारमै खर्च गर्नुपर्ने बाध्यता रह्यो ।

५. विश्वव्यापी रुपमा फैलिएको कोभिड १९ को प्रकोपका कारण समेत हामीले चालेका विकासका पाइलाहरुमा अवरोध खडा गर्यो । यद्यपि प्रतिकूल परिस्थितिका वावजूद विकास गतिविधिहरुको सञ्चालन, सेवा प्रवाहमा सहजीकरणका लागि सरोकारवाला सबै पक्षहरुबाट भएको प्रयास, समन्वय र सहकार्यको उच्च प्रशंसा गर्दछु ।

आदरणीय सभा सदस्यज्यूहरु

अब म नगरपालिकाले हालसम्म गरेका केही प्रयासहरुको जानकारी गराउन चाहन्छु

६. नगरपालिकाभित्र पर्यटकीय सम्भावना बोकेका तातोपानी कुण्ड व्यवस्थापन तथा प्राकृतिक चिकित्सालय निर्माणका लागि रु २० लाख बिनियोजन गरिएको छ । भविष्यमा पर्यटकीय गन्तब्य हुन सक्ने र थप पर्यटकलाई आकर्षित गर्ने उद्देश्यका साथ रावण पार्क निर्माणको कार्यलाई सङ्घीय सरकारको साझेदारीमा शुरुवात गरिएको छ ।

७. स्वास्थ्यलाई मौलिक हकको रुपमा स्थापित गरिएको संवैधानिक व्यवस्थाको सम्मान गर्दै सबै नागरिकलाई स्वास्थ्यमा सरल र सहज पहुँच सुनिश्चित गर्ने प्रयास गरिएको छ । कोभिड १९ नियन्त्रणका लागि कोरोना कोषको व्यवस्थापन गर्नुका साथै विश्वसमुदायमा हाल नयाँ भेरियन्टको रुपमा देखापरेको ओमिक्रोन भाइरसबाट नगर क्षेत्रमा पर्नसक्ने असरको नियन्त्रणका लागि आवश्यक तयारी गरिएको छ । **"बेनी नगरपालिकाको प्रतिबद्धता : सबै नागरिकलाई खोपको सुनिश्चितता"** भन्ने नाराका साथ सबै नागरिकलाई खोप दिने कार्यमा तदारुकता देखाइएको छ ।

८. शिक्षालाई गुणस्तरीय बनाउन र पठनपाठनमा सहजीकरणका लागि आवश्यकता अनुसार नगर शिक्षा समितिको बैठक बसी विद्यालयहरुमा भौतिक पूर्वाधार निर्माण तथा सुधारका लागि आवश्यक पहल गरिएको छ ।

९. कृषि पेशालाई मर्यादित र व्यवस्थित बनाउन बाली उत्पादन र पशुपालनमा संलग्न विभिन्न कृषक समूहहरुको प्रोत्साहनका लागि विभिन्न खालका अनुदानका कार्यक्रमहरु सञ्चालन गरिएको छ ।

१०. बेनी नगरक्षेत्रभित्रकै एकमात्र खेलमैदानका रुपमा रहेको बहुउद्देश्यीय खेलमैदानमा प्याराफिट निर्माण गर्ने कार्य चालु अवस्थामा रहेको छ । खेलमैदानको थप भौतिक सुधारका लागि सम्बन्धित निकायमा आवश्यक पहल गरिएको छ ।

११. बेनी नगरपालिकाको विकासको मार्गदर्शकका रुपमा आवधिक योजना निर्माण गरिएको छ । विकास निर्माण तथा खर्च प्रकृयालाई व्यवस्थित गर्न बेनी नगरपालिकाको मध्यकालिन खर्च तर्जुमा योजमा निर्माणको प्रकृयामा रहेको छ ।

१२. सबै नागरिकमा खानेपानीको पहुँच पुर्याउने उद्देश्यका साथ सङ्घीय सरकारको सहयोगमा खबरा खानेपानी, गौश्वारा तमाने खानेपानी योजना, एकीकृत जामुनाखर्क खानेपानी योजना निर्माणको कार्य अघि बढाईएको छ ।

१३. नागरिकको सुविधाका लागि २ लाखसम्मका योजनाहरु सम्बन्धित वडाबाटै कार्यान्वयन गर्ने व्यवस्था मिलाईएको छ । विकास निर्माण तथा सेवा प्रवाहको पारदर्शिताका लागि प्रथम चौमासिकमा भए गरेका गतिविधिहरुको सार्वजनिक सुनुवाई गर्ने कार्य सम्पन्न गरिएको छ ।

१४. नगरपालिकाको आन्तरिक आय अभिवृद्धिका लागि करको दायरा अभिवृद्धिको प्रयास गरिएको छ ।

१५. लघु उद्यम विकास कार्यक्रममार्फत नगरबासीहरुलाई उद्यमी बन्न प्रोत्साहित गरिएको छ ।

१६. बजार क्षेत्रको ट्राफिक व्यवस्थापनमा ध्यान दिदै एकतर्फी सवारी संचालन गर्ने कार्य शुरुवात गरिएको छ । बेनी बजारको सुन्दरता कायम र दिगो बनाई राख्नको लागि अस्थायी रुपमा निर्माण गरिएका छत, पालि, पेटी, होडिङबोर्ड हटाई बजार व्यवस्थित गर्ने प्रयास गरिएको छ ।

१७. बसपार्कको व्यवस्थित सञ्चालन तथा बसपार्क क्षेत्रको फोहरलाई आवश्यक व्यवस्थापन गर्न वसपार्क व्यवस्थापन समिति गठन गरी कार्य अघि बढाइएको छ ।

१८. नगर क्षेत्रको आर्थिक, सामाजिक र भौतिक पूर्वाधार विकासका लागि लुम्बिनी गार्डेन फाउन्डेशनसँग सम्झौता गरिएको छ । यसबाट नगरक्षेत्रका ठुला आर्थिक, सामाजिक रुपान्तरणका योजनाहरुका साथै पूर्वाधारका योजनाहरुमा अपेक्षित लगानी हासिल गर्न सकिने विश्वास गरिएको छ ।

आदरणीय सदस्यज्यूहरु

उल्लेखित कार्यहरु हासिल गर्दागर्दै पनि नगरसभाले अवलम्बन गरेका नीति तथा कार्यक्रम अनुसारका समृद्ध नगर निर्माण गर्ने विषयमा विभिन्न लक्ष्यहरु हासिल गर्न देहायका चुनौतीहरु देखिएका छन्

- नगरको ठुलो चुनौतीको रुपमा रहेको सरसफाई व्यवस्थापनको लागि ल्याण्डफिलसाइट निर्माणस्थल छनौट गर्न सरोकारवालाहरुको चासो कम देखिएकोले समयमै व्यवस्थापन गर्न सकिएको छैन ।
- नगरपालिकाले उठाउने कर नगरक्षेत्रकै विकास र समृद्धिका लागि हो भन्ने चेतना जगाउन र स्वतस्फूर्त रुपमा कर तिर्न आउने गरी करदाता प्रोत्साहनको कार्यक्रम गर्न नसक्दा सबै नागरिकलाई पूर्ण रुपमा करको दायरामा ल्याउन सकिएको छैन ।
- सङ्घ तथा प्रदेश सरकारबाट सीमित बजेट प्राप्त हुने र नगरपालिकाको आन्तरिक आय समेत अपेक्षित मात्रामा वृद्धि हुन नसक्दा कतिपय सार्वजनिक निर्माण तथा पूर्वाधारका योजनाहरु कार्यान्वयनमा कठिनाई भै रहेको छ ।
- नदीजन्य पदार्थको अवैध उत्खनन एवं चोरी निकासीलाई पूर्ण रुपमा नियन्त्रण गर्न सकिएको छैन ।
- नगरक्षेत्रभित्र सडकमा छोडिएका छाडा गाई वस्तुहरुको व्यवस्थापनका लागि ठोस योजना तर्जुमा गर्न सकिएको छैन ।

अन्त्यमा,

यस नगरपालिकाको बजेट तथा कार्यक्रमलाई थप प्रभावकारी रुपमा सम्पन्न गर्न, सेवा प्रवाहलाई व्यवस्थित गर्न, जनउत्तरदायित्व पूरा गरी सुशासन प्रवर्द्धन गर्न, सम्पूर्ण सदस्यज्यूहरुलाई आग्रह गर्दछु। साथै यस नगर सभालाई सफल पार्न आ- आफ्नो क्षेत्रबाट सहयोग पुर्याउनुहुने सदस्यज्यूहरुलाई हार्दिक आभार व्यक्त गर्दछु ।

धन्यवाद ।।